यदि कुनै महिलाले आफ्ना अभिभावकहरूको अनुमति बिना विवाह गर्छिन् भने, उनको विवाह अमान्य हुन्छ।" उहाँले यो तीन पटक भन्नुभयो। (त्यसपछि उहाँले भन्नुभयो:) "यदि कुनै पुरुषले त्यस्तो महिलासँग यौनसम्पर्क गर्छ भने, उसको लागि महर (श्रीमानले श्रीमतीलाई दिने हक) छ। यदि अभिभावकहरू असहमत हुन्छन् भने, जसको अभिभावक छैन त्यसका लागि शासक अभिभावक हुन्छ।

उम्मुल-मुमिनीन (आस्थावानहरूकि आमा) आइशा (रजियल्लाहु अन्हा) ले बयान गरेकि छन्,
रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "यदि कुनै महिलाले आफ्ना अभिभावकहरूको अनुमति बिना विवाह गर्छिन् भने, उनको विवाह अमान्य हुन्छ।" उहाँले यो
तीन पटक भन्नुभयो। (त्यसपछि उहाँले भन्नुभयो:) "यदि कुनै पुरुषले त्यस्तो महिलासँग यौनसम्पर्क गर्छ भने, उसको लागि महर (श्रीमानले श्रीमतीलाई दिने हक) छ। यदि
अभिभावकहरू असहमत हुन्छन् भने, जसको अभिभावक छैन त्यसका लागि शासक अभिभावक हुन्छ।"
[सही] [अबू दाउद, तिर्मीजी, इब्ने माजह र अहमदले वर्णन गरेका छन्]

नबी (सलल्लाहु अलैहि वसल्लम) ले महिलालाई आफ्नो अभिभावकको अनुमति बिना आफ्नो विवाह आफैं गर्नबाट चेतावनी दिनुभएको छ। यस्तो विवाहलाई अमान्य (बातिल) मानिन्छ। नबीले यसलाई तीन पटक दोहोर्याउनुभएको छ, मानौं यस्तो विवाह कहिल्यै भएको नै थिएन। यदि त्यो पुरुषले, जसले महिलासँग बिना अभिभावकको अनुमति विवाह गर्यो, त्यस महिलासँग शारीरिक सम्बन्ध बनायो भने, उसले सम्पूर्ण महर दिनुपर्नेछ। यदि महिलाको अभिभावकहरूले विवाहको जिम्मेवारीमा विवाद गर्छन्, र उनीहरू सबैको अधिकार बराबर छ भने, जसले पहिले विवाहको लागि कदम चाल्छ र त्यो महिलाको हितको लागि हो भने उसलाई यो अधिकार दिइन्छ। तर यदि अभिभावकले विवाह गर्न अस्वीकार गर्छ भने, उसले आफ्नो अधिकार त्याग गरिसकेको छ। यस्तो अवस्थामा, शासक वा उनका प्रतिनिधि, जस्तै न्यायाधीश, महिलाको अभिभावक बन्छन्। यद्यपि, वास्तविक अभिभावक छन भने शासकलाई यो अधिकार हुँदैन।

http://sunnah.global/hadeeth/ne/show/58067